नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

पत्र संख्या:-
चलानी नं.:-

सिंहदरबार,
काठमाडौं, नेपाल ।

मितिः २०८१।०९।१९

## विज्ञप्ति

काठमाडौं स्थित पाकिस्तानको राजदूतावासको मिति २४ डिसेम्बर २०२४ को कुटनीतिक नोट र परराष्ट्र मन्त्रालयको च. नं. SA/TWO/५८६३, मिति २०८१।०९।१२ गतेको पत्रानुसार माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री विद्या भट्टराईज्यूसँग नेपालका लागि पाकिस्तानका राजदूत महामहिम Mr. Abrar H. Hashmi ज्यूको शिष्टाचार भेटघाट कार्यक्रम सम्पन्न भयो। भेटघाटको क्रममा माननीय मन्त्रीज्यूले महामहिम राजदूत र उहाँका साथमा आउनुभएका प्रतिनिधिहरूलाई मन्त्रालयमा स्वागत गर्नुभयो। मन्त्रीज्यूले नेपाल सरकार र पाकिस्तान सरकारबिच भएको द्विपक्षीय सम्बन्धको लामो इतिहासलाई स्मरण गर्दै पाकिस्तान सरकारबाट नेपालको शिक्षा क्षेत्रमा भएका सहयोगप्रति प्रशंसा पनि गर्नुभयो। महामहिम राजदूतले नेपाल सरकार र पाकिस्तान सरकारबिच विगतमा भएका द्विपक्षीय समझदारीहरूको बारेमा स्मरण गराउदै वर्तमान समयमा उक्त समझदारीहरूको प्रभावकारी कार्यान्वयनको लागि द्विपक्षीय छलफल तथा संवाद आवश्यक रहेको ब्यक्त गर्दै उच्च शिक्षा, मेडिकल शिक्षा, प्राविधिक शिक्षा र मदरसा शिक्षा पद्दतिको क्षेत्रमा पाकिस्तान सरकारले नेपाल सरकारसँग सहकार्य गर्न इच्छुक रहेको विषय राखुभयो। मन्त्रीज्यूले नेपालको शैक्षिक प्रणालीलाई सुधार गर्नका लागि प्राथमिकतामा रहेका क्षेत्रहरूको बारेमा पनि जानकारी गराउनु भएको बेहोरा सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ।

...................................
(शिवकुमार सापकोटा)
सहसचिव